# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### देवानगञ्ज, सुनसरी
### १ नं प्रदेश, नेपाल
### बोल पत्र सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशित मिति २०७७/०७/०५**

यस कार्यालयको चालु आ.व. २०७७/०७८ मा गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका बिऊ विजन आपुर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ र नियमावली, २०६४ को नियम ४९ बमोजिम बोल पत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट विऊ विजन कार्यको लागि इजाजत प्रात निकायहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोल पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१.इक्छुक बोल पत्र दाताले यस कार्यालयको नाममा रहेको NIC ASIA बैंकको आन्तरिक राजस्व खाता नं.२४३२०५००२६४५५००७ मा फारम दस्तुर र विड सेकुरेटी रकमको बोल पत्र खोल्ने दिन देखि ९० दिन सम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा.पा.को धरौटी खाता नं. २४३CA५००२१९२१९१७००२ मा जम्मा गरेको बैंक भौचर, विउ विजन व्यवासायीले बिउ विजनको कारोबारको लागि नविकरण गरेको प्राप्त इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि र २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० सम्म विधुतीय प्रणाली बाट खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात ३१ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई विधुतीय प्रणालीको मध्यमबाट दर्ता गर्नु सकिनेछ।

२. दर्ता भएका बोल पत्रहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोल पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । बोल पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोल पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. बोल पत्र भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोल पत्रहरु उपर कुनै कारवाही हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. खरिद गरिने मैक विउ र गहुँ विउ प्रसोधित एवंम उपचारित (मैक विउ वेभिष्टिनले र गहुँ विउ भाइटाभेक्सले वा सो सरहको नेपालमा पञ्जिकृत भएको विउ उपचार गर्ने रोग नासक विषादीले मकैको विउलाई ४ के.जि. क्षमताको प्लाष्टिकको थैलामा र गहुँको विउलाई ४० के.जि. क्षमताको जुट बोरामा क्रमशः ४ र ४० के.जि.का दरले व्यागिङ, ट्यागिङ समेत गरी तयारी अवस्थाको बुझाउनु पर्ने छ । साथै विउको उमार शक्ति लगायतका अन्य सम्पूर्ण गुणस्तर सम्बन्धि जिम्मेवारी बोल पत्र दाताको हुनेछ ।

६. गहुँ विउको लागि बोलपत्र पेश गर्ने बोल पत्रदाताहरुले विजवृद्धि कार्यक्रमको लागि स्रोत विउको रुपमा प्रयोग गर्न आवश्यक पर्ने मुल विउ खरिद गरेको विलको प्रतिलिपी समेत बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

७. खरिद गरिने विउको सम्पूर्ण विश्लेषणको परिक्षण (मार शक्ति, शुद्धता र चिस्यानको रिपोर्ट समेत) विउ वितरण, गुणस्तर नियन्त्रण केन्द्र वा सो केन्द्र अन्तर्गतका क्षेत्रिय विउ परिक्षण प्रयोगशालाबाट गराएको हुने पर्नेछ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित), विउ विजन ऐन र नियमावली २०६९ र प्रचलित ऐन बमोजिम हुनेछ ।

९. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| क्रम.स. | ठेक्का नं. | विविरण | परिणाम | स्टिमेट रकम (भ्याट बाहेक) | विद सेकुरिटी रकम (रु) | डकुमेन्ट रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | DRM/ Seeds/Supply/01/2077/078 | उन्नत गहु विउ (एन.एल. ९७१) | १५९०० किलो | ९,७९,९००/०० | २५,०००/०० | ३०००/०० | |
| २ | DRM/ Seeds/Supply /02/2077/078 | हाइब्रिड मकै विउ-९०८१ | ३८८० किलो | २९,१०,०००/०० | ७५,०००/०० | ३०००/०० | |
| ३ | DRM/ Power Spray/Supply /03/2077/078 | पावर स्प्रे चार्जजेवल बैट्री सहित | ५०५ थान | २४,२४,०००/०० | ६५,०००/०० | ३०००/०० | |

०७७/०७/०५

प्रमुख प्रशासकीय अधिकृत

चुडामणि गुरागाई
प्रमुख प्रशासकीय अधिकृत